Citizens Bank

Citizens Bank International Limited
Narayanhiti Path, Kathmandu, Nepal
Tel : 01-4527842/43/24, Fax: 01-4527044, PO Box: 19681
Email: info@ctznbank.com, URL: www.ctznbank.com
Swift Code: CTZNNPKA

THE BANKER BANK OF THE YEAR 2024 NEPAL
THE BANKER BANK OF THE YEAR 2025 NEPAL

Ref:CBIL/COM/083/84-1046

मिति: २०८३/०६/०६

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरबार, काठमाण्डौं ।

**विषय: २०औं वार्षिक साधारण सभा बस्ने जानकारी सम्बन्धमा ।**

महोदय,

यस बैंकको मिति २०८३/०६/०६ गते बसेको संचालक समितिको ५२२औं बैठकले निर्णय गरे अनुसार यस बैंकको निम्न लिखित मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न २०औं वार्षिक साधारण सभा बस्ने भएको व्यहोरा तहाँको जानकारीको लागि अनुरोध छ ।

**१. सभा हुने मिति, स्थान र समय**

सभा हुने मिति :- २०८३ साल आश्विन महिना २८ गते (तदअनुसार अक्टोबर १४, २०२६) बुधबार ।
स्थान :- अमृतभोग, कालिकास्थान, डिल्लीबजार, काठमाण्डौं ।
सभा सुरु हुने समय :- बिहान ११:०० बजे ।

**२. छलफलका विषयहरु :**

**क. साधारण प्रस्तावहरु**

१. आ.व. २०८२/८३ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८३ आषाढ मसान्तको बैंक तथा बैंकको सहायक कम्पनीहरु सहितको एकीकृत वासलात र मिति २०८२/०४/०१ देखि २०८३/०३/३२ सम्मको नाफा नोक्सानको हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरुमाथि छलफल गरी पारित गर्ने ।
३. सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार साधारण शेयरधनीहरुलाई कर प्रयोजनार्थ चुक्ता पूँजीको ०.२० प्रतिशतका दरले हुन आउने रु. ३,१०,१४,९२७.२३ बराबरको नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।
४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८३/८४ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**ख. विशेष प्रस्तावहरु**

१. सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार साधारण शेयरधनीहरुलाई चुक्ता पूँजीको ३.८० प्रतिशतका दरले हुन आउने रु. ५८,९२,८३,६१७.३४ बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।
२. बैंकको प्रबन्धपत्रमा संशोधन गर्ने ।
(क) बैंकको जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि गर्ने सम्बन्धमा ।
३. बैंकको प्रबन्धपत्र संशोधन गर्न अनुमति लिनु पर्ने निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग. विविध ।**

भवदीय

प्रमेश राज कायस्थ
कम्पनी सचिव